# झापा गाउँपालिकाको संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७६

गाउँकार्यपालिकाबाट पारित मिति : २०७६।१०।१२

**प्रस्तावना :** यस गाउँपालिका क्षेत्रभित्र सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न नेपालको संविधानको भाग २१८ ले दिएको अधिकार प्रयोग गरी झापा गाउँपालिकाको संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७६ तर्जुमा गरी लागु गरिएको छ ।

**१. संक्षिप्त नाम :-** (१) यस कार्यविधिको नाम **झापा गाउँपालिकाको संघ दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७६** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :–** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “संस्था” भन्नाले सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ, संस्था, क्लब, मण्डल, परिषद, अध्ययनकेन्द्र, समूह आदि सम्झनु पर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

(ख) “गाउँपालिका” भन्नाले झापा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) “अध्यक्ष” भन्नाले झापा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) “उपाध्यक्ष” भन्नाले झापा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले झापा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) “कार्यालय” भन्नाले झापा गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(छ) “सम्बन्धित शाखा” भन्नाले कार्यालयको प्रशासन शाखा सम्झनु पर्दछ ।

(ज) “प्रबन्ध समिति” भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्दछ ।

(झ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ ।

**३. दर्ता नगरी संस्था खोल्न नहुने :–** यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना तथा संचालन गर्न पाइने छैन ।

**४. संस्थाको दर्ता र नवीकरण** (१) संस्था स्थापना गर्न चाहने कुनै पाँच जना वा सो भन्दा बढी व्यक्तिहरुले अनुसूची- १ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनुपर्छ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा एक हप्ताभित्र तोकिएको शुल्क लिई संस्था दर्ता गरी प्रमाण-पत्र दिईनेछ ।

(३) यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा तथा अवधि अनुसूची २ बमोजिम र दर्ता/नवीकरण दस्तुर अनुसूची ३ बमोजिम हुनेछ ।

(४) प्रत्येक संस्थाले आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र नविकरण गराउनु पर्ने छ । २ महिनाभित्र नवीकरण गरेमा नवीकरण शुल्कको २५ प्रतिशत थप रकम लिइनेछ भने सो भन्दा पछि ५० प्रतिशत लिइनेछ ।

**५. संगठित संस्था मानिने : -** (१) यस कार्यविधि अनुसार दर्ता भएको प्रत्येक संस्था अविछिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न पाउँनेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ । र सो उपर पनि सोहि नामबाट नालिस उजुर लाग्नेछ ।

**६. संस्थाको सम्पति :–** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा कार्यालयले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट जफत गरी संस्थालाई फिर्ता बुझाई दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी कार्यालयले गरेको कार्यवाहीमा चित्त नबुझेमा चित्त नबुझेको व्यक्तिले प्रचलित कानूनले तोके बमोजिमको पुनरावेदन गर्नसक्नेछ ।

**७. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने :–** यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले १ महिनाभित्र यो कार्यविधि अनुसार दर्ता गराउनुपर्नेछ ।

**८. संस्थाको उद्देश्यहरु हेरफेर :–** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई अन्य कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा संस्थाको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित मानिने छ तर सबै प्रस्ताव लागू गर्न कार्यालयको पुर्व स्वीकृति लिनुपर्नेछ ।

**९. हिसाबको विवरण पठाउनु पर्ने :–** प्रबन्ध समितिले सामाजिक परिक्षण गरी आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष पठाउनुपर्नेछ ।

**१०. हिसाब जाँच गर्ने :–** (१) कार्यालयले आवश्यक देखेमा संस्थाको हिसाब कार्यालयको अधिकारप्राप्त व्यक्तिबाट जाँच गराउन सक्नेछ ।

(२) हिसाब जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ । र सो उपर पनि सोहि नामबाट नालिस उजुर लाग्नेछ ।

(४) हिसाब जाँच गर्ने अधिकारीले कार्यालयले तोकिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतलाई पेश गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको देखिन आएमा गाउँकार्यपालिकाको बैठकले सो को असुल उपर गर्न/गराउन आदेश दिनेछ ।

**११. दण्ड सजाय : -** (१) दफा (३) बमोजिम कार्यालयमा दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा (७) बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाको प्रबन्ध समितिको सदस्यहरुलाई कार्यालयले जनही रु. १०००० (अक्षरेपी दश हजार रुपैँया) जरिवाना गर्न सक्नेछ । र संस्थालाई संचालनमा पूर्ण प्रतिबन्ध लगाइने छ ।

(२) दफा (९) बमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरुलाई जनही रु. ३००० ( अक्षरेपी तीन हजार रुपैँया) जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा (९) उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई दण्ड सजाय गरिने छैन ।

(३) दफा (१०) को उपदफा (२) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकारी वा पदाधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई कार्यालयले जनही रु. १००० ( अक्षरेपी एक हजार रुपैँया) जरिवाना गर्न सक्नेछ ।

(४) दफा (८) बमोजिम कार्यालयको पुर्व स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकुल हुनेगरी काम कारवाही गरेमा र कार्यालयले दिएको निर्देशन पालना नगरेमा कार्यालयले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

**१२. पुनरावेदन :–** दफा (११) बमोजिम कार्यालयले गरेको अन्तिम निर्णय उपर ३५ दिनभित्र तोकिएको अदालतमा पुनरावेदन गर्न सकिने छ ।

**१३. संस्थाको विघटन र त्यस्को परिणाम :–** (१) संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको जायजेथा यस कार्यालयमा सर्नेछ ।

(२) उपदफा (२) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ । र संस्थाको जायजेथाको हिसाब गाउँपालिकाले तोकेको लाइसेन्स प्राप्त अडिटरबाट हुनेछ ।

**१४. नियम बनाउने अधिकार:–** यस कार्यविधिको कार्यन्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**१५. अधिकार प्रत्यायोजन :–** यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको नियमको कार्यन्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीलाई अधिकारको प्रत्यायोजन गर्न सकिनेछ ।

**१६. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने :–** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो संस्था सोहि ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेछ ।

**१७. खारेजी र बचाउ :–** (१) संघीय वा प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेको कानून विपरित भएका दफा सोहि अनुसार खारेज वा परिमार्जन हुने छन् ।

(२) यस कानूनलाई प्रतिस्थापन हुने गरी अर्को कानून बनेर लागू नभएसम्म यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

## अनुसूची - १

## दफा (४) सँग सम्बन्धित

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

झापा गाउँपालिकाको कार्यालय, झापा , नेपाल ।

विषय **:-** संस्था दर्ता गरिपाऊँ ।

महोदय ,

प्रस्तुत विषयमा तपशिल बमोजिमका विवरण तथा कागजातहरु संलग्न गरी संस्था दर्ताका लागि यो निवेदन पेश गरेको छु ।

**तपशिल**

१. संस्थाको नाम**:**

२. संस्थाको कार्यालय रहने स्थान तथा ठेगाना **:**

**संलग्न कागजातहरु**

१. संस्थाको विधान

२. वडा कार्यालयको सिफारिस

३. सञ्चालक समितिको पदाधिकारीहरु प्रत्येकको नागरिकताको प्रमाणित प्रतिलिपि

४. संस्थाको छापको नमुना

**निवेदक**

संस्थाको नाम**:**

अध्यक्ष**:**

हस्ताक्षर **:**

मिति **:**

**अनुसूची - २**

**दफा (४) सँग सम्बन्धित**

# झापा गाउँपालिका

# गाउँकार्यपालिको कार्यालय

# टाघनडुब्बा, झापा १ नं. प्रदेश, नेपाल

संस्थाको छाप

**संस्थादर्ता / नवीकरण प्रमाणपत्र**

श्री..............................................

..................................................

प्रस्तुत विषयमा तपाईलाई झापा गाउँपालिका संस्था दर्ता तथा नवीकरण सम्बन्धी ऐन, २०७६ को दफा (४) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको कछ । प्रचलित कानूनको परिधिमा रही सार्वजनिक हितमा आफ्ना गतिविधिहरु संचालन गर्नु हुन गाउँपालिकाको कार्यालय हार्दिक अनुरोध गर्दछ ।

| | |
|---|---|
| संस्थाको नाम | |
| संस्थाको अध्यक्षको नाम | |
| कार्यक्षेत्र | |
| संस्थाको ठेगााना | |

कार्यालयको छाप

प्रमाणपत्र जारी गर्ने

सहि

नाम

पद

मिति

## अनुसूची ३

## दफा (४) सँग सम्बन्धित

| सि.नं. | संस्थाको प्रकार | दर्ता शुल्क | नवीकरण शुल्क |
|---|---|---|---|
| १. | गैसस (राष्ट्रिय) | रु.५०० | रु.२०० |
| २. | गैसस (अन्तराष्ट्रिय) | रु. ३००० | रु. १००० |

मिति २०७६।१०।१२